गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल
२०७३

*मिति २०७९।०१।०६ गते बसेको ८४औं नगर कार्यपालिका बैठकका निर्णयहरु:*

**निर्णय नं. १** कालिगण्डकी कोरिडोर (गैंडाकोट राम्दी मालढुंगा) सडक योजनाले नदी जन्य पदार्थ उपभोग गर्न माग भई आएकोमा यस नगरपालिका भित्रका वातावरणीय अध्ययन प्रतिवेदन (IEE) तयार भईसकेका नदी/खोलाहरुको उक्त अध्ययनको प्रतिवेदनमा उल्लेखित सम्भाव्य परिमाण अनुसार प्रदेश सरकारले तोकेको राजस्व लिई नदी जन्य पदार्थ उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २** कोभिड १९ का कारण रोजगार गुमाएका अति बिपन्न व्यक्ति/परिवारलाई आर्थिक सहायता स्वरूप प्रति परिवार रु. १०,०००/- को दरले प्रदान गर्ने नेपाल सरकारको निर्णय अनुसार तोकिएको मापदण्ड पुरा गरी वडाबाट छनौट भई प्राप्त भएको नामावली अनुसार गैंडाकोट नगरपालिकाका ७४९ व्यक्ति/परिवारलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** स्थानीय निर्देशक समितिले सिफारिस गरे बमोजिमका ४३७ जना बेरोजगारहरुको निवेदन स्वीकृत गर्ने र गैंडाकोट नगरपालिकाको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत थप बजेट प्राप्त भएको हुँदा सो बजेट को अधिनमा रही पुर्व स्वीकृत कार्यक्रमहरुलाई अगाढी बढाउने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको विभिन्न वडाहरुमा विभिन्न समयमा उपभोक्ता समिति मार्फत बाटो पिच तथा पूर्वाधार निर्माणका लागि यस अघि भएका सम्झौता अनुसार कार्य सम्पन्न गर्न नसकिने भनी सम्झौता खारेज गरिदिन माग भई आएकोमा कार्य सम्पन्न गर्न नसकिने कारण सहित योजनाहरु के कति छन् सो को विवरण आगामी बैशाख १० गते भित्र उपभोक्ता समितिको निर्णय सहित वडाको सिफारिस यस नगरपालिकामा पेश गर्ने। यसरी पेश भएका योजनाहरुको सम्झौता खारेज गरी अन्य विधिबाट कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ५** नगर कार्यपालिकाको कार्यालय/न्यायिक समिति/विषयगत समिति/वडा समितिबाट नगर कार्यपालिकाबाट अनुमोदन हुने गरी गरीएका निर्णय तथा अगाडी बढाइएका कार्यक्रम र आयोजनाहरुलाई प्रचलित कानुन तथा बजेटको अधिनमा रही कार्यान्वयन गर्ने गरी अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका कार्यालयमा घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र पाउनका लागि पेश भएको कागजात तथा गैंडाकोट नगरपालिका कार्यालयको घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ अनुसार निर्माण व्यबसायी श्री मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि लाई अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ७** संस्थागत विकास तथा सुशासन समितिले निर्णय गरी सिफारिस गरे अनुसार यस गैंडाकोट नगरपालिकामा साविक गा.वि.स. कालदेखि नै सेवा प्रदान गरी अवकास प्राप्त करार सेवाका देहाय बमोजिमका कर्मचारीहरुलाई सेवा गरे वापत अवकास पश्चात जनही रु. ५०,०००/- का दरले नगद तथा सम्मान पत्र प्रदान गर्ने निर्णय गरियो।

१. चेतनाथ गौडेल – सामाजिक मेलमिलापकर्ता
२. तीर्थलाल पौडेल – कार्यालय सहयोगी
३. टोप बहादुर थापा क्षेत्री - कार्यालय सहयोगी

नविनराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कंडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका वडा नं. ७ को पिस पार्क हरिहर मार्ग सडक स्तरोन्नति गर्नुपर्ने भएकोले चालु आ.व. ०७८/०७९ मा सडक बोर्ड नेपालबाट प्राप्त बजेटमा अपुग रकम नगरपालिकाबाट थप हुने गरी स्तरोन्नति गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकामा संचालनमा रहेका विद्यालयहरुले कक्षा थपका लागि निवेदन दिएकोमा शिक्षा समितिको निर्णय तथा मापदण्ड बमोजिम हुनेगरी अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ९** कालिका चोक देखि विजय चोक सम्म पीचको लागि ठेक्का आव्हान भएको बाटोलाई नपुग हुने रकम समपुरक तर्फका योजना शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी हुने गरी कार्यान्वयन अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. १०** निर्माणाधिन वडा नं. ७ को वडा कार्यालय भवन (प्रथम तला ढलानसम्मको) र हरिहर टोलमा ढल निकासको लागि आवश्यक ह्युम्पाईपको लागत अनुमान बमोजिमको बजेट व्यवस्था गरी बहुवर्षिय आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरी अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११** कालिका चोक देखि विजय चोक सम्म पीचको लागि ठेक्का आव्हान भएको बाटोलाई नपुग हुने रकम समपुरक तर्फका योजना शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी हुने गरी कार्यान्वयन अगाडी बढाउने ।

**निर्णय नं. १२** सामाजिक सुरक्षा बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने सन्दर्भमा स्थानीय तहहरुलाई पर्ने समस्याहरु समाधान गर्न "स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति" गठन गर्न स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि मध्येबाट देहाय बमोजिमका प्रतिनिधिहरुलाई सदस्यको रुपमा मनोनित गर्ने निर्णय गरियो ।

१. कृष्ण प्रसाद न्यौपाने - सदस्य
२. कुमारी रेखा पौडेल - सदस्य

**निर्णय नं. १३** यस गैंडाकोट नगरपालिका वडा नं १० मा अवस्थित मुकुन्दसेन पार्कको हाल सम्मको बाँकी विद्युत महशुल भुक्तानी गर्ने तथा उक्त वडामा रहेको बालबृद्ध बगैचामा बृद्ध तथा बालबालिकाहरुका लागि खेलकुद र ब्यायाम सामाग्री व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** सडक बोर्ड नेपालबाट बजेट व्यवस्था हुने गरी कार्यान्वयन अगाडी बढाईएको **"सडक स्तरोन्नति वडा नं. २,५ र ११"** (ठेक्का नं. 06/GM/NCB/077-078) पीच गर्ने ठेक्काको काम सम्झौता बमोजिम अगाडी बढेको नदेखिएकोले सम्बन्धित निर्माण व्यवसायीलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने। तत्पश्चात सो आयोजनालाई नगरपालिकाको अन्य स्रोतबाट कार्यान्वयन गर्ने गरी क्रमश: अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५** मिति २०७८।०८।२३ गतेको ८१ औं कार्यपालिका बैठकको निर्णय नं. ९ मा गरिएको निर्णयमा जातिय संग्रालय हुनु पर्नेमा अन्यथा भएकोले सच्याउने निर्णय गरियो ।

मुक्तिराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कंडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १६** गैडाकोट नगरपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष तथा वडा सदस्यहरुले प्रचलित कानून बमोजिम राजिनामा दिई वा अन्य कारणबाट पद रिक्त हुन गएमा नगरपालिका तथा अन्तरगतका वडाहरुबाट सम्पादन गरिने अत्यावश्यक कार्यसम्पादन गर्न स्थानीय सरकार संचालन ऐन २०७४, गैंडाकोट नगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ तथा अन्य प्रचलित कानूनको अधिनमा रही देहाय बमोजिम गर्ने निर्णय गरियो।

- प्रमुख र उपप्रमुख दुबैको पद रिक्त भएको अवस्थामा वडाध्यक्षहरु मध्ये सबैभन्दा जेष्ठ वडाध्यक्षले कार्यवाहक प्रमुखको रुपमा अत्यावश्यक कार्यसम्पादन गर्ने।
- कुनै वडामा अध्यक्ष लगायत सबै सदस्यहरुको पद रिक्त भएको अवस्थामा सम्बन्धित वडाको वडासचिवले कार्यवाहक वडाध्यक्षको हैसियतमा वडाबाट सम्पादन गरिने अत्यावश्यक कार्यसम्पादन गर्ने।

मुक्तिराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु कुमारी कँडेल
नगर उप-प्रमुख

छत्रराज पौडेल
नगर प्रमुख